# कृषकको लागि तथ्यपत्र

नेपाल, चैत्र, २०७८

# ठूलो लज्जावती झार व्यवस्थापन

## समस्याको पहिचान

मध्य अमेरीकाको रैथाने प्रजातीको ठूलो लज्जावती/आराकाँडे/उल्टा काँडे झार एशिया र अफ्रिकाका विभिन्न क्षेत्रहरूमा मिचाहा प्रजातीको रूपमा देखा परेको छ । नेपालमा सर्वप्रथम यो प्रजाती झापा तथा मोरङ्ग जिल्लाका विभिन्न स्थानहरूमा सन २०१९ मा पहिचान गरिएको हो । यो प्रजाती रैथाने क्षेत्रका अलावा ४५ भन्दा वढी देशहरूमा फैलिइसकेको छ । यो मिचाहा प्रजाती प्राकृतिक पर्यावरणका अलावा कृषिजन्य भूभागमा समेत फैलन सक्दछ र वनजङ्गल, चरीचरन, सिमसार, खेतवारी तथा वगैंचाहरूमा समेत फैलिएर प्रतिकुल असर गर्न सक्दछ । यो सडक किनारा लगायतका बाँझो जमीनहरूमा समेत फैलिन सक्दछ । यसले रैथाने प्रजातीहरूलाइ विस्थापित गर्नुका साथै वन्यजन्तु तथा मानव समेतको आवागमनलाई प्रतिकुल प्रभाव पार्नुका साथै कृषि कार्यमा अवरोध सिर्जना गर्न सक्दछ र घरपालुवा पशु विशेषगरी वाख्राहरूले यसलाई खण्ड मृत्यु भएका घटनाहरू समेत जानकारीमा आएका छन् ।



फुल फुलेको अवस्था

## समस्याको पृष्ठभूमि

काँडासहितको ठूलो लज्जावती झार घना झाडीको रूपमा विकसित हुने सामान्यतया एकबर्षे विरूवा हो जसले कहिलेकाहीं बहुवर्षिय स्वभाव समेत देखाउन सक्दछ । यसका अर्ध लहरे स्वभावका हाँगाहरू अन्य बिरूवाको माथि सहारा लिइ फैलिने, चारपाटे, तथा उल्टो फर्केका काँडा भएका हुन्छन् । यो प्रजाती आर्द्र उष्ण प्रदेशीय हावापानी, मलिलो माटो र प्रशस्त सूर्यको प्रकाश भएको स्थानहरूमा फैलिंदै जान्छ । प्रति वर्ग मिटर १५ देखि २० हजारको संख्यामा उत्पादन हुने बीउहरू सुषुप्त अवस्थामा ५० बर्षसम्म पनि माटोमा जीवित रहन सक्दछन् । बर्षातको पानी पर्न शुरूभएपछि ओसिलो माटोमा यिनीहरू उम्रीन शुरूगर्दछन् । यसका बीउहरू बगेको पानी, सवारी साधन तथा उपकरणहरू, जनावरहरू तथा माटोसँगै नयाँ ठाउँमा पुग्दछन् । नेपालमा यो प्रजाती आश्विन कार्तिकमा फुल फुल्ने र मंसीर पौषमा बीउ उत्पादन भइ झर्ने गरेको पाइएको छ । यसको काँडा नहुने उपजाती पनि नेपालमा फेला परेको छ जसलाई हरियो मल वा छापो वालीको रूपमा प्रयोग गरीन्छ ।



वगानमा ठूलो लज्जावतीको प्रकोप

## व्यवस्थापन

यो प्रजाती हालसम्म झापा र मोर जिल्लामा मात्र देखिएकोले तत्काल एकीकृत र समन्वयात्मक पहलकदमी हुन सकेमा निर्मूल गर्न सकिने सम्भावना देखिन्छ ।

- योजना सहभागिता बढाउन सचेतना मुलक कार्यक्रमहरू सञ्चालन गरि स्थानीय सरकार र अन्य संघ संस्थाहरूले यसको नियन्त्रणको लागि एकिकृत प्रयास गर्ने
- फुल फुलेर बीउ बन्नु अगावै उखेलेर नष्ट गर्न सकेमा यसको विस्तारलाइ नियन्त्रण गर्न सकिन्छ ।
- आन्तरिक क्वारेन्टाइनको माध्यमबाट यस प्रजातीलाइ अन्य स्थानमा विस्तार हुनबाट रोक्ने
- अन्य व्यवस्थापनका उपायहरूको साथसाथै झारनाशक बिषादीको यथोचित प्रयोगको माध्यमबाट यसको व्यवस्थापन गर्ने ।
- यस प्रजातीको उद्‌गम स्थल मध्य अमेरीकामा पाइने प्राकृतिक शत्रु Heteropsylla spinulosa नामक कीरा भित्र्याएर विभिन्न देशहरूमा यसको सफल व्यवस्थापन गरिएको देखिन्छ ।



धानखेतमा ठूलो लज्जावतीको प्रकोप
(तस्वीर: भरत वावु श्रेष्ठ)

**Scientific name▶*Mimosa diplotricha***

*नोट: विषादीको प्रयोग गर्दा नाक, मुख, आँखा, कानका साथै पुरै शरीरको छाला छोपिने गरी सुरक्षित पहिरन लगाउनु पर्दछ । विषदीको लेबल राम्रोसँग अध्ययन गरी प्रयोग गर्ने मात्रा, पटक र प्रयोग पछि बाली टिप्ने समय राम्रोसँग ख्याल गर्नु पर्दछ । विषादी चर्को घाम वा हावा लागेको समयमा छर्कन हुदैन ।*

## थप जानकारीका लागि सम्पर्क


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्र
हरिहरभवन ललितपुर
फोन:०१-५५५३७९८
Email: info@npponepal.gov.np,
Web: https://www.npponepal.gov.np.

वनस्पतीशास्त्र केन्द्रीय विभाग,
त्रीभुवन विश्वविद्यालय, किर्तीपुर
फोन:०१-४३३१३२२, ४३३५१५
Email: info@cdb.tu.edu.np
Web: https://www.cdbtu.edu.np.